मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : ९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ मंसीर १० गते शनिबार (Saturday, November 26. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

बालविवाह सामाजिक र कानूनी अपराध हो

- वीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं ।
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

माओवादी र नेकपा एसको झापामा शून्य नतिजा

हरि राना
झापा क्षेत्र नं. २
प्रतिनिधिसभा
सदस्य उम्मेदवार

गगन पुरी
झापा क्षेत्र नं. ५(१)
प्रदेशसभा
सदस्य उम्मेदवार

झलकसिंह दर्लामी
झापा क्षेत्र नं. ४(१)
प्रदेशसभा
सदस्य उम्मेदवार

श्यामवीर लिम्बू
झापा क्षेत्र नं. १ (२)
प्रदेशसभा
सदस्य उम्मेदवार

पुष्प पोखरेल
झापा क्षेत्र नं. २ (१)
प्रदेशसभा
सदस्य उम्मेदवार

झापा, मंसीर ५। २०६४ सालमा भएको पहिलो संविधानसभाको निर्वाचनमा झापाका सात निर्वाचन क्षेत्र मध्ये ६ वटामा जीत हासिल गरेको नेकपा माओवादी केन्द्र १५ वर्षपछि झापामा शून्यमा झरेको छ ।

तत्कालीन झापा क्षेत्र नम्वर ६मा नेकपा (एमाले) का उम्मेदवार दीपक कार्की बाहेक अन्य सबै क्षेत्रमा नेकपा माओवादी केन्द्रले जीत निकाल्दै आफ्नो उपस्थिति बलियो बनाएको थियो । तर, २०७० सालमा भएको संविधानसभाको दोस्रो निर्वाचनबाट ओरालो लागेको नेकपा माओवादी केन्द्रको राजनीति २०७९मा आइपुग्दा शून्यमा पुगेको हो ।

सत्ता गठबन्धन गरेका नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस र एकीकृत समाजवादी पार्टीले झापाका पाँच वटा निर्वाचन क्षेत्रमा साझा उम्मेदवार उठाए पनि माओवादी केन्द्रका कुनै पनि उम्मेदवारले बिजय हासिल नगर्दा माओवादी केन्द्र झापामा शून्य भएको हो । माओवादी केन्द्रले प्रतिनिधिसभामा झापा क्षेत्र नम्वर २बाट हरिकुमार राना लाई अघि सारेको थियो । झापा २मा धर्मशीला चापागाँई र राम कार्कीको चर्चा चलिरहेका बेला नेकपा (एमाले) छाडेर आएका रानालाई माओवादी केन्द्रले स्थान दिँदै टिकट दिए पनि मतदाताले नपत्याउँदा उनी पराजित भए ।

यता प्रदेशसभा सदस्यका लागि झापा निर्वाचन क्षत्र नम्वर १को २मा श्यामबीर लिम्बूले टिकट पाएका थिए । तर, उनी राष्ट्रिय प्रजातन्त्र पार्टीकी उम्मेदवार सविना बजगाईसँग पराजित बन्न पुगे । झापा क्षेत्र नम्वर ३को मा पूर्णसिंह राजवंशी समेत पराजित बने । अघिल्लो निर्वाचनमा सोही क्षेत्रबाट नेपाली कांग्रेसका उम्मेदवार भगिरथ पोद्दारलाई पछि पार्दै निर्वाचित राजवंशी यसपटक भने नेकपा (एमाले)का उम्मेदवार छविलाल चुडालसंग पराजित हुन पुगे ।

झापा क्षेत्र नम्वर ४ को १ मा झलकसिंह दलार्मी मगर यसपटक पराजित भएका छन् । अघिल्लो निर्वाचनमा उनी सोही निर्वाचन क्षेत्रबाट विजयी हुँदै प्रदेश सरकारको कृषिमन्त्री समेत भएका थिए । उता झापा क्षेत्र नम्वर ५ को १ बाट उम्मेदवार बनेका गगन पुरी समेत पराजित भए ।

सत्ता गठबन्धनबाट प्रतिनिधि र प्रदेश गरी पाँच सिट पाएको माओवादी केन्द्रले कुनै पनि निर्वाचन क्षेत्रमा विजय हासिल गर्न नसक्दा माओवादी केन्द्र १५ वर्षपछि झापामा शून्य अवस्थामा पुगेको हो ।

यता नेकपा एमालेसंग फुटेर बनेको एकीकृत समाजवादी पार्टीले समेत झापामा आफ्नो उपस्थिति देखाउन सकेन । झापा क्षेत्र नम्वर २ को प्रदेश सभा निर्वाचन क्षेत्र नम्वर १मा उम्मेदवार रहेका पुष्प पोखरेल नेकपा एमालेका उम्मेदवार एकराज कार्कीसँग पराजित बने । एमालेसंग पार्टी विभाजन गरेर संगठन विस्तार गरे पनि झापामा एकीकृत समाजवादीले आफ्नो प्रभाव जमाउन सकेको छैन ।

झापा ४बाट प्रदेशसभामा राधाकृष्ण र भक्ति

राधा कृष्ण खनाल

झापा, मंसीर ५। झापा क्षेत्र नं ४ को प्रदेशसभा (१) मा नेकपा (एमाले)का राधाकृष्ण खनाल निर्वाचित भएका छन् ।

गत आइतबार सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मतपरिणाम अनुसार खनालले १३ हजार नौ सय ५१ मत प्राप्त गरेका थिए भने उनका निकटतम् प्रतिस्पर्धी लोकतान्त्रिक-बाम गठबन्धनका उम्मेदवार नेकपा (माओवादी केन्द्र) का झलकसिंह दर्लामीले १२ हजार तीन सय ७३ मत प्राप्त गरे ।

झापा क्षेत्र नं ४ को प्रदेशसभा १मा ३२ हजार दुई सय ५६ मत खसेकामा एक हजार छ सय सात मत बदर भएको निर्वाचन अधिकृत प्रकाश गौतमले जानकारी दिए ।

भक्तिप्रसाद सिटौला

झापा, मंसीर ५ । झापा क्षेत्र नम्वर ४ अन्तर्गत प्रदेशसभा निर्वाचन क्षेत्र नम्वर २मा राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार भक्ति सिटौला निर्वाचित भएका छन् । सिटौलाले १९ हजार ४५ मत प्राप्त गर्दै प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् । उनका प्रतिष्पर्धी नेपाली कांग्रेसका उम्मेदवार एकराज उप्रेतीले १५ हजार ७१ मत प्राप्त गरे ।

जसको संसदीय यात्रामा लाग्यो 'ब्रेक'

झापा, मंसीर ५। २०४८ सालबाट संसदीय राजनीतिमा नेपाली कांग्रेसको तर्फबाट सक्रिय बनेका नेपाली कांग्रेसका शीर्ष नेता कृष्णप्रसाद सिटौलाको राजनीतिक यात्रा संकटमा परेको छ ।

पार्टीको जिल्ला सभापति हुँदै महामन्त्री समेत बनेका सिटौलाले उपप्रधान तथा गृहमन्त्रीको जिम्मेवारी समेत सम्हाल्न भ्याए । राजनीतिमा प्रभावशाली र कुटिल नेताको रुपमा पहिचान बनाएपनि २०७४ र २०७९ सालमा भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पराजय व्यहोरेसँगै उनको राजनीतिक यात्रामा संकट देखिएको हो । युवा पुस्तान्तरणका कारण पनि उनको राजनीतिक यात्रा संकटमा परेको विश्लेषकहरुले बताउँदै आएका छन् ।

पाँच वर्षपछि उमेरका कारण पनि सक्रिय राजनीतिमा सहभागी हुन उनलाई निक्कै अप्ठ्यारो देखिन्छ- झापा-३का एक कांग्रेस नेताले भने - गणतन्त्र स्थापना गर्नका लागि अहम् भूमिका निर्वाह गरेका सिटौला राजावादी नेता राजेन्द्र लिङ्देनसंग दुई/दुई पटक पराजीत बन्नुले पनि उनको क्रेज घट्दो छ ।

राष्ट्रिय राजनीतिमा आफ्नो छुट्टै पहिचान बनाएपनि झापा क्षेत्र नम्वर ३का मतदाताको मन जित्न नसक्दा उनी दुईपटक नै नराम्ररी पराजित हुनुपर्‍यो । उनको पराजयमा एमाले र राप्रपाको राजनीतिक गठबन्धन पनि बाधक बन्यो । पार्टीभित्र गुटको राजनीति गर्न खप्पिस नेताको आरोप लाग्ने गरेका सिटौलाले यस पटक भने महामन्त्री विश्वप्रकाश शर्मासंग मिलेर अगाडि बढ्ने नीति लिए पनि मतदाताले विश्वास नगर्दा उनी पराजयको शिकार बन्न पुगे । यसपटकको निर्वाचनमा उनले लिङ्देनसंगको मतान्तर भने घटाउन सफल देखिए तर निर्वाचन जित्न नसक्दा सदनको ढोका उनका लागि पाँच वर्ष बन्द भयो ।

संसदीय चुनावमा सिटौलाले ३ वटा चुनावमा मात्रै जित हात पारेका छन् । उनले २०४८, २०५६ र २०७० सालको चुनावमा जित हासिल गरेका थिए । २०५१ सालको मध्यावधि चुनावमा उनी एमालेका पुष्पराज पोखरेलसँग पराजित भए । २०५६ मा एमालेकै नारायण राजवंशीले उनलाई हराए । तर, यो चुनावमा एमालेकै झापा ४का उम्मेदवार युक्त भेटवालले केपी ओली र सिटौलाले साँठगाँठ गरेर आफूलाई हराएको आरोप लगाए । झापा ५मा भेटवाल चक्रप्रसाद बाँस्तोलासँग २६ भोटले हारेका थिए ।

माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन भूमिका खेलेका सिटौला पहिलो संविधानसभाको निर्वाचनमा चाहिँ माओवादीबाटै पराजित भए । दोस्रोमा उनी चुनाव जितेर संसदमा आए । त्यसबेला उनी संविधान मस्यौदा समितिमा सभापति भएका थिए ।

यता झण्डै दुई वर्ष अघिबाट झापा क्षेत्र नम्वर २ मा निर्वाचनको तयारी शुरु गरेका नेकपा (एमाले)का नेता अग्निप्रसाद खरेल पनि यो निर्वाचनमा पराजित बने । झापा क्षेत्र नम्वर २का लागि तयारी गरेका खरेलले अन्तिम समयमा झापा १मा टिकट पाएसँगै उनी प्रतिष्पर्धाका लागि झापा १ पुगेका थिए । तर, उनी नेपाली कांग्रेसका उम्मेदवार विश्वप्रकाश शर्मासंग भारी मतान्तरले पराजित भए ।

पूर्व कानूनमन्त्री तथा महान्यायाधीवक्ता समेत रहेका पार्टीका स्थायी कमिटी सदस्य खरेल झापा निर्वाचन क्षेत्र नम्वर १मा पराजित बनेसंगै उनको समेत संसद प्रवेशको यात्रा अधुरै रहेको छ । झापा १ मा एमालेको बलियो पकड रहेपनि २ पटकसम्म प्रतिनीधिसभाको निर्वाचनमा पराजय भोगेका विश्व प्रकाश शर्मालाई यसपटक त्यस क्षेत्रका मतदाताले विश्वास गर्दा खरेल नराम्ररी पराजित बनेका हुन् ।

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीका विश्वासिला पात्र मानिने खरेलको निर्वाचन क्षेत्रमा ओलीले देवराज घिमिरेलाई टिकट दिएपछि उनी झापा १मा पहिलोपटक निर्वाचन लड्न पुगेका थिए । तर, पहिलोपटक नै उनको गाँसमा ढुंगा लाग्यो ।

२०७० सालमा भएको संविधानसभा सदस्यको निर्वाचनमा कांग्रेस नेता विश्वप्रकाश शर्मालाई पराजित गर्दै झापा क्षेत्र नम्वर १ बाट रवीन कोइराला निर्वाचित भएका थिए । तर, उनै कोइराला यस पटक प्रदेशसभा सदस्यमा नेपाली कांग्रेसका उम्मेदवार गोपाल तामाङसंग नराम्रोसंग पराजित भए । संविधान सभा सदस्य बनेका कोइराला प्रदेशसभा सदस्य पदका लागि भएको निर्वाचनमा पराजित भएसँगै उनको समेत संसदीय राजनीतिको ढोका बन्द भएको छ । कोइराला झापा क्षेत्र नम्वर १को १ बाट चुनावी प्रतिष्पर्धामा थिए ।

२०७४ सालको प्रदेशसभा सदस्यको निर्वाचनमा झापा क्षेत्र नम्वर ३को २, ४को १ र १ को १ बाट निर्वाचत सांसद यो निर्वाचनमा पराजित भएका छन् । झापा क्षेत्र नम्वर ४को १ बाट निर्वाचित सांसद झलकसिंह दर्लामी मगर प्रदेश १को कृषिमन्त्री समेत

(बाँकी अन्तिम पृष्ठमा)

उपमेयरमा हारेकी सबिना अब माननीय

लक्ष्मी उप्रेती

मेचीनगर, मंसीर ५। वि.सं. २०७४ र २०७९ को स्थानीय तहको निर्वाचनमा उपप्रमुख पदमा दुई-दुई पटक पराजित सबिना बजगाँईले आइतबार सम्पन्न प्रदेशसभाको निर्वाचनमा संसद्को यात्रा तय गरेकी छन् ।

२०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा मेचीनगर नगरपालिकामा राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट उपप्रमुख पदमा उम्मेदवारी दिएकी सबिनालाई मत परिणामले चौथो स्थानमा पारिदियो । त्यस बखत राष्ट्रिय प्रजातन्त्र पार्टीले कुनै दलसँग तालमेल गरेको थिएन ।

२०७४ सालमा व्यहोरेको हारलाई बदला लिन आठमहिना अघि अर्थात् २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा पुनः सोही दलको तर्फबाट उपप्रमुख पदमा उम्मेदवारी दिँदै उनी चुनावी प्रतिस्पर्धामा उत्रिइन् ।

एकातिर नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रको गठबन्धनका पुरुष उम्मेदवार अर्कातिर नेकपा एमालेको तर्फबाट उपप्रमुख पदका उम्मेदवार अनि जनता समाजवादी पार्टी नेपालसहित अन्य दल र स्वतन्त्र गरी १५ जना उम्मेदवारसँग प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता थियो उनलाई । तर, परिणाम उनको पक्षमा आएन् ।

२०७४ सालमा एमालेको तर्फबाट उपप्रमुखमा विजयी मीना पोखरेल उप्रेतीले १९ हजार ९ सय ९४ मत प्राप्त गर्दै विजयी हुँदा नेपाली कांग्रेसकी दुर्गादेवी खतिवडाले १९ हजार ७७ मत ल्याएकी थिइन् । माओवादी केन्द्रबाट उपमेयरकी उम्मेदवार बनेकी इन्दिरा कार्कीले ७ हजार ६ सय ६८ मत ल्याइन् । अनि सबिना भने चौथो स्थानमा रहिन् । २०७४मा चौथो स्थानमा रहेकी सबिनालाई २०७९ को स्थानीय तहको निर्वाचन परिणामले एक तह माथि पुर्‍याएर तेस्रो स्थानसम्म ल्यायो ।

आठमहिना अघि सम्पन्न स्थानीय तहको निर्वाचनमा उपप्रमुखमा नेकपा एमालेकी मीना पोखरेल उप्रेती २१ हजार ५ सय ९० मतका साथ पुनः बिजयी भइन् । दोस्रोमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रको गठबन्धनका उम्मेदवार प्रकाश भण्डारीले १२ हजार ८ सय १८ मत प्राप्त गर्दैगर्दा तेस्रो स्थामा रहेकी सबिना ९ हजार ८ सय ८० मतमा सीमित बनिन् ।

स्थानीय सरकारको उपप्रमुख बन्ने धोको लिएर दुई-दुईपटक चुनावी मैदानमा उत्रिएकी सबिनाले पराजित भए पनि हार भने कहिल्यै खाइनन् । त्यही भएर ४ मंसीरमा सम्पन्न निर्वाचनमा पार्टीले विश्वासका साथ झापा निर्वाचन क्षेत्र नम्बर १को प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ बाट १ नम्बर प्रदेशसभा सदस्यको उम्मेदवारको टिकट दियो ।

४ मंसीरको निर्वाचनमा समेत उनमा थुप्रै चुनौति भने नभएका होइनन् । एकातिर सत्तासाझेदार पार्टीको गठबन्धनका उम्मेदवार त अर्कातिर राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका चर्चित नेता कल्याण खड्काको उम्मेदवारी । यीसँगै सबिनाले एक पदका लागि १० जना उम्मेदवारसँग प्रतिस्पर्धा गरेकी थिइन् । सबिनामा चुनाव जित्ने कुरामा आत्मविश्वास थियो, उनी ढुक्क थिइन् किनकि उनलाई नेकपा एमालेको साथ थियो ।

यसअघि सबिनाले दुईपटक भएको स्थानीय तहको निर्वाचनमा एक्लै चुनाव लडेकी थिइन् । त्यही भएर पनि परिणाम उनको पक्षमा परेन । यो पटकको निर्वाचनमा भने उनका लागि नेकपा एमालेसँग तालमेल भएका कारण परिणाम उनको पक्षमा पर्‍यो र माननीय बनेर प्रदेश संसद्को ढोका खुल्यो । दुई-दुईपटक स्थानीय सरकारको उपप्रमुख बन्ने इच्छा पूरा नभए पनि यसपटकको निर्वाचनको परिणामले उनलाई माननीय बनाई दिएको छ । त्यसमा पनि सत्तासाझेदार नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी पार्टी, नेकपा

(बाँकी अन्तिम पृष्ठमा)

गठबन्धनकै सरकार !

काठमाडौं, मंसीर ५। प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वर्तमान सत्तारुढ गठबन्धनलाई नै निरन्तरता दिने गृहकार्य थालेका छन् ।

प्रतिनिधिसभा र प्रदेशसभाको चुनावी परिणाम आउने क्रम अन्तिम चरणमा पुग्दै गर्दा देउवाले सकभर गठबन्धनकै नयाँ सरकार बनाउने कसरत थालेका हुन् । बालुवाटार निकट स्रोतका अनुसार देउवाले यसका लागि गठबन्धन घटक दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग टेलिफोन संवाद गरिसकेका छन् । 'उहाँले एक चरण सबै गठबन्धनका नेताहरुसँग बधाई संवाद गरिसक्नुभएको छ, एकदुई दिनभित्र गठबन्धनको बैठक

(बाँकी अन्तिम पृष्ठमा)

हाडजोर्नी तथा नशा रोगको सफल उपचार

सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।

दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।

लैङ्गिक हिंसाबिरुद्धको १६ दिने अभियान शुरु

कमल, मंसीर ५। शुक्रवारबाट देशभर विभिन्न कार्यक्रमगरी लैङ्गिक हिंसाबिरुद्धको १६ दिने अभियान शुरु भएको छ ।

हरेक वर्ष नोभेम्वर २५देखि डिसेम्वर १० सम्म विभिन्न कार्यक्रम गरी लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान विभिन्न कार्यक्रमका साथ मनाइन्छ । अभियान मनाउने क्रममा यो वर्ष 'सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा बिरुद्धको अभियान' भन्ने नाराका साथ झापाको कमल गाउँपालिकाले समेत लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान शुरु गरेको छ ।

गाउँपालिकाको सभाहलमा भएको कार्यक्रममा वडा नम्वर-७ स्थित युवा समूहले लैङ्गिक हिंसा सम्बन्धी भावना भण्डारीले मञ्चन गरेको चेतनामूलक लघु नाटक प्रस्तुत गरेको थियो । नाटकले समाजमा लैङ्गिकताको आधारमा हुने गरेका भेदभावलाई चित्रण गर्नुका साथै त्यस्ता विकृतिलाई समाजबाट कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने बारेमा समय सान्दर्भिक लघुनाटक प्रस्तुत गरेको थियो ।

यसलाई सबै वडा, टोल विकास संस्था हुँदै वस्ती-वस्तीसम्म पुर्‍याउन आवश्यक छ । जहाँ अशिक्षा, गरिवी छ । त्यो ठाउँमा जहाँ बढी हिंसा हुन्छ, त्यस्ता ठाउँ र त्यहाँ रहेका हरेक जनमानससम्म कार्यक्रम पुर्‍याउन सके मात्र कार्यक्रम सफल हुने कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले बताए ।

समाजमा जे-जति लैङ्गिक हिंसा भएका छन् , त्यसको शुरुवात घरबाटै हुने गरेको छ । त्यसैले सबैभन्दा पहिले घरबाट हुने गरेका लैङ्गिक हिंसा बन्द गर्नुपर्छ । आज श्रीमान् श्रीमती, छोराछोरीबीचमा समेत हिंसाका घटना प्रशस्तै छन् । त्यसपछि मात्र सामाजिक हिंसा हुने गर्दछ । समाजमा स्थापित महिलाहरुले पनि धेरै हिंसा सहेर मात्र त्यो सफलता प्राप्त गरेका छन् । त्यसैले समाजमा हुने गरेका यस्ता लैङ्गिक हिंसाको अन्त्य गाउँपालिका एक्लैले गर्न सक्दैन, त्यसका लागि सबै मिलेर मात्र हिंसाको अन्त्य गर्न सकिने कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपानेले बताइन् । त्यसैगरी १ नम्वर वडाध्यक्ष केदार कटुवाल, प्रहरी चौकी केर्खाका प्रहरी नायव निरीक्षक सुवास मिश्र, कमल वाल सञ्जालकी सचिव रञ्जना बस्नेतले १६ दिने अभियानको सफलताको शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, टोल विकास संस्थाका प्रतिनिधि , शिक्षक, विद्यार्थी, महिला स्वयम्सेविका लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन महिला तथा बालबालिका शाखा प्रमुख रिता कार्कीले गरेकी थिइन् । कार्यक्रममा शिक्षा शाखा प्रमुख सूर्यप्रसाद न्यौपानेले स्वागत गरेका थिए ।

गठबन्धनकै ...

बस्छ'- स्रोतले भन्यो- 'गठबन्धनका नेताहरुसँग सरकार निर्माणबारे छलफल हुनेछ ।'

प्रतिनिधिसभा र प्रदेशसभामा सिट बाँडफाँट गरेर चुनावमा होमिएका गठबन्धनमा माओवादी, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाले कांग्रेसबाट मत नपाएको गुनासो गरिरहेका छन् । औपचारिक रुपमा दलहरुले यसबारे धारणा नराखे पनि चुनावी नतिजाका कारण कांग्रेसबाहेक गठबन्धनका अन्य दल स्तब्ध छन् ।

यही कारण सरकार निर्माण कसरी होला भन्ने आम चासोबीच प्रधानमन्त्री देउवाले अग्रसरता लिएका हुन् । नेताहरुका अनुसार चुनावको अन्तिम नतिजा सार्वजनिक नभएकोले कुन दलको अवस्था के हुने भन्ने निश्चित भइसकेको छैन ।

प्रतिनिधि सभामा प्रत्यक्षतर्फको नतिजा अन्तिम चरणमा पुग्दा गठबन्धनको एउटा दल कांग्रेसले ६० हाराहारी सिट जित्ने देखिन्छ । अग्रतासमेतलाई हेर्दा माओवादी केन्द्र २० भन्दा मुनि नै रहने देखिन्छ । एकीकृत समाजवादीले १० सिट जितेको छ । राष्ट्रिय जनमोर्चाले १ सिट जितेको छ।

१६५ निर्वाचन क्षेत्रमा गठबन्धनले ९० आसपास प्रत्यक्षमा जित्ने देखिन्छ । समानुपातिकतर्फको मतगणना जारी छ । पछिल्लो मतगणना अनुसार समानुपातिकमा एमालेभन्दा कांग्रेस केही हजार मतले पछाडि छ । माओवादी केन्द्र राष्ट्रिय स्वतन्त्र पार्टीभन्दा पछाडि चौथो स्थानमा छ ।

गठबन्धन दलको बहुमत पुगे सिँधै सरकार बन्ने देउवानिकट एक नेताले बताए । 'अहिलेसम्म सबै चुनावी नतिजा प्राप्त भइसकेको छैन, समानुपातिक, प्रदेशसहित सबै नतिजा आएपछि दलहरुको अवस्था हेरेर सरकार बनाउने तयारी अघि बढ्छ'- उनले भने भने- 'गठबन्धन दललाई सरकार बनाउन सिट पुगे सिधै सरकारको विषय अघि बढ्छ, नपुगे विकल्पमाथि छलफल हुन्छ ।'

उपमेयरमा ...

माओवादी केन्द्रको गठबन्धनका साझा उम्मेदवारलाई पराजित गर्दै । नेकपा एमालेको साथ सहयोग पाएकी सबिनाले नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी पार्टी, नेकपा माओवादी केन्द्रको गठबन्धनका साझा उम्मेदवार श्यामवीर लिम्बूलाई १ हजार ३ सय ८७ मतले पराजित गर्दै पहिलोपटक संसद्को यात्रा तय गरेकी हुन् । सविनाले १३ हजार ६ सय १२ मत प्राप्त गर्दा श्यामवीरले १२ हजार २ सय २५ मतमा चित्त बुझाउनु परेको छ ।

यो जीतबाट सविना निक्कै खुशी छिन् । यो जित आफ्नो एक्लो नभई झापा निर्वाचन क्षेत्र नम्बर १ सहित क्षेत्र नम्बर १को प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नम्बर २का आम जनताको रहेको उनको भनाइ छ । राष्ट्रिय प्रजातन्त्र पार्टीको मेचीनगर अध्यक्ष समेत रहेकी सविना यो जीतलाई अवसरकारुपमा लिएर जनताका हरेक पीर, मर्का र समस्यालाई बुझेर अघि बढ्ने बताउँछिन् । स्थानीय सरकारको उपप्रमुख बन्ने धोको दुई-दुईपटक पूरा नभए पनि दोस्रोपटक सम्पन्न स्थानीय तहको निर्वाचनमा हार व्यहोरेको आठमहिना पछि मतदाताले आफूलाई माननीय बनाइदिएपछि उनी पनि दंग छिन् ।

यसअघिको पराजयबाट पाठ सिक्दै विचलित नभई त्यसलाई शक्तिमा बदलेर अघि बढ्दै गर्दा निर्वाचनमा संसद्को यात्रा तय गरेकी सविना विकास र भ्रष्टाचारमुक्त समाज निर्माणमा योगदान दिँदै अबको ५ वर्ष जनताको सुख दुःखमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्छिन् । सविनाको पार्टीको मुख्य: नारा पनि छ- 'भ्रष्टचार गर्नु भनेको आमाको रगत खानु सरह हो ।' त्यसैले सविना भन्छिन्- ' म आफू पनि भ्रष्टचार गर्दिनँ र अरुलाई पनि गर्न दिन्नँ ।'

जसको ...

बने । तर, उनी यो निर्वाचनमा पराजित भए । लामो समयदेखि एकीकृत नेकपा माओवादीको राजनीतिमा सक्रिय रहेका उनी यो निर्वाचनमा नेकपा एमालेका उम्मेदवार राधाकृष्ण खनालसँग पराजित भए ।

त्यसो त झापा क्षेत्र नम्वर ३को १मा एमाले नेता बसन्त बानियाँ अघिल्लो निर्वाचनमा प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए । तर, यस पटक उनी त्यही निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार भूमिप्रसाद राजवंशीसंग पराजित भए । सो क्षेत्रमा नेकपा एमाले र राप्रपावीच चुनावी तालमेल भए पनि अन्य दुई उम्मेदवारले जित निकाल्दा बानियाँलाई मतदाताले पत्याएनन् ।

संविधानसभा सदस्य समेत रहेका पूर्णसिंह राजवंशी झापा क्षेत्र नम्वर ३मा योपटक प्रदेश सभा सदस्यमा नै पराजित भए । २०६४ सालमा भएको निर्वाचनमा झापा ३मा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलालाई पराजित गर्दै संविधानसभा सदस्य बनेका नेता राजवंशी नेकपा माओवादी केन्द्रको मूलधारमा रहेर राजनीति गर्दै आएका छन् ।

उनी झापा क्षेत्र नम्वर ३ को २ बाट २०७४ सालको निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार भगिरथ पोद्दारलाई पराजित गर्दै प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए । तर, यसपटक उनी नेकपा (एमाले)का नेता छविलाल चुडालसंग पराजित भए । योसँगै उनको समेत संसदीय राजनीतिक यात्रा पाँच वर्षका लागि अन्त्य भएको छ ।

झापा ३बाट प्रदेशको नेतृत्व गरिसकेका बानियाँ र राजवंशीलाई प्रदेशकै निर्वाचनमा मतदाताले नपत्याउँदा नयाँ प्रतिनिधिले प्रदेशको नेतृत्व गर्ने अवसर पाएका छन् ।

घर तु-विक्रीमा

बिर्तामोड वडा नं. ४ मुक्ति चौक छेउ हाइवे टचमा रहेको १० धुर जमिनमा बनेको ४ तले कमर्सियल भवन तु-विक्रीमा छ । साथै फाइनान्सको सुविधा समेत रहेको छ ।
मो. ९८५२६७२५९६

विक्रीमा

मनमोहन हस्पिटलको डायलासिस सेन्टरको चलिरहेको क्यान्टिङ तु-विक्रीमा छ ।
मो. ९८२७३३१६३३, ९८१५९२६३७२

घर विक्रीमा

बिर्तामोड नपा-१ राजगढ स्टेण्ड उत्तर हाइवे टचमा रहेको १ कट्ठा १३ धुर जग्गामा बनेको ३ तले कमर्सियल भवन तु-विक्रीमा छ । साथै फाइनान्सको सुविधा समेत रहेको छ ।
मो. ९८५२६७२५९६

फ्ल्याट भाडामा

बिर्तामोडस्थित कञ्चनजंघा हस्पिटल अगाडि रहेको घरको पहिलो तला र तेस्रो तला परिवार बस्नेको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।
सम्पर्क: ९८०७९४७५४४

बार्षिक साधारणसभा सम्बन्धी सूचना

यस विशाल कृषि सहकारी संस्था लि., बिर्तामोड-१० झापाको मिति २०७९ साल मंसीर २४ गते शनिवारका दिन संस्थाको नवौं बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा सम्पन्न गरिने भएको हुँदा सम्पूर्ण शेयर सदस्यहरुको गरिमामय उपस्थितिका लागि सादर अनुरोध छ ।

बैठक तथा छलफल

१) सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२) आर्थिक बर्ष २०७८।०७९को बार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३) लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन पारित सम्बन्धमा ।
४) आर्थिक बर्ष २०७९।०८०को बाह्य लेखापरीक्षकको नियुक्ति एवम् पारिश्रमिक तोक्ने सम्बन्धमा ।
५) अन्तिम माइन्युट (निर्णय पुस्तिका) प्रमाणित गर्ने प्रतिनिधि छनौट सम्बन्धमा ।
६) सञ्चालक समितिको रिक्त स्थानमा पदपूर्ति गर्ने सम्बन्धमा ।

तपशिल

मिति: २०७९ साल मंसीर २४ गते शनिवार । स्थान: ज्येष्ठ नागरिक भवन, बिर्तामोड-१०
समय: विहान १०: ३० बजे ।

विशाल कृषि सहकारी संस्था लि., बिर्तामोड-१० झापा

एक्सेल डेभलपमेन्ट बैंक लि.
EXCEL DEVELOPMENT BANK Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था (१ नं. प्रदेशको प्रादेशिक बैंक)
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा
फोन नं. ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

यस बैंकका ऋणीहरूलाई कर्जा/सूविधा चुक्ता गर्न आव्हान गरिएको र चुक्ता नगर्ने ऋणीहरूको धितो रहेको सम्पत्ति लिलाम बिक्री गर्न शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

यस बैंकका देहायका शाखा कार्यालयहरुबाट निम्न बमोजिम कर्जा/सुविधा लिने ग्राहकहरुले म्यादभित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता गर्दा समेत कर्जा चूक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सुचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा आई कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको सम्पूर्ण बक्यौता चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनु हुन सम्बन्धित ग्राहक र धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सुचना बमोजिम लिलाम बिक्री हुन नसकेका धितो सम्पत्ति बैंकको अनूकुल समयमा बैंक आफैले सकार गरिलिन सक्ने वा ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गर्न सकिने व्यहोरा समेत जानकारी गराइएको छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसुचिमा नाम समावेश गर्न लेखी पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असूल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ ।

यो सुचना बमोजिम घछ दिनभित्र चुक्ता नभएका कर्जाहरुको बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छक महानुभावहरुबाट यो सूचना प्रथमपटक पत्रिकामा प्रकाशित भएको मितिले ३६औं दिनदेखि ५०औं दिनभित्र सम्बन्धित शाखा कार्यालयमा कार्यालय समयभित्र आइपूग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी वोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । प्राप्त वोलपत्रहरु वोलपत्र प्राप्त भएको कार्यालयमा ५१औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३.०० बजे खोलिने हुँदा वोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर, वोलपत्रदाताको अनुपस्थितिले वोलपत्र खोल्न बाधा पुग्ने छैन ।

तपशिल (प्रथमपटक प्रकाशित मिति २०७९।०८।१०)

क्र. सं	ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण	व्यवसायिक आवधिक कर्जा	ऋणी/ ऋणी फर्मको प्रोप्राइटर/ साझेदार/ सञ्चालक एवम् जमानतकर्ताको फोटो	धितो सुरक्षणको विवरण
१.	**ऋणी/धितोजमानीकर्ता :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय अर्न्तगत कम्पनी रजिष्ट्रारको कार्यालयमा त्रिपूरेश्वर, काठमाडौंमा मिति २०७५/०३/१४ मा दर्ता नम्बर १९२५६७/७४/०७५ अन्तर्गत दर्ता भएको रजिष्टर्ड ठेगाना पांचथर जिल्ला फिदिम न.पा. १ स्थित समर्पित हस्पिटल प्रा.लि.। **व्यक्तिगत जमानी/धितोजमानीकर्ताहरु :** नाम :महेश्वर तिम्सिना बाबू : ईन्द्र नारायण तिम्सिना बाजे :नरपति तिम्सिना ना.प्र.नं :०२/२८२ ठेगाना :पांचथर जिल्ला, सिरिसे गा.वि.स.वडा नं ०२, स्थायी ठेगाना भई हालपांचथर जिल्ला, फिदिम न.पा.वडा नं ०१ बस्ने । **नाम : सन्देश पराजूली** बाबू : भोज बहादूर पराजूली बाजे :कृष्ण प्रसाद पराजूली ना.प्र.नं :१८०१९-९०१ ठेगाना इलाम जिल्ला, इलाम न.पा.वडा नं ०२, स्थायी ठेगाना भई हाल झापा जिल्ला भद्रपूर न.पा.वडा नं १३ बस्ने । **नाम : दोमकला अधिकारी** बाबू : फनिलाल अधिकारी पति : घनेन्द्र राज खनाल ना.प्र.नं :९१५२२६०० ठेगाना :झापा जिल्ला, सुरुडा गा.वि.स. वडा नं ०२, स्थायी ठेगाना भई हाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं ०१बस्ने । **नाम : सूष्मा थापा** बाबू : जित बहादूर थापा पति : राजेन्द्र कार्की ना.प्र.नं :०३/६८७०६ ठेगाना :ईलाम जिल्ला, दानाबारी गा.वि.स.वडा नं ०८, स्थायी ठेगाना भईहाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं ०१ बस्ने । नाम : **प्रेम बहादूर काफ्ले** बाबू : मकर जंग काफ्ले बाजे : लक्ष्मण काफ्ले ना.प्र.नं :६९७१९८७ ठेगाना : पांचथर जिल्ला, फिदिम न.पा.वडा नं ०१, स्थायी ठेगाना भई हालसोही स्थान बस्ने	व्यवसायिक कर्जा	महेश्वर तिम्सिना सन्देश पराजूली दोमकला अधिकारी सूष्मा थापा प्रेम बहादूर काफ्ले	महेश्वर तिम्सिनाको नाममा मा.पो.का. पाचथरमा दर्ता कायम रहेको पांचथरजिल्ला, फिदिम गा.वि.स./न.पा.,वडा नं. १ स्थित कि.न. ३१५४ को क्षेत्रफल ५०८.७४ वर्ग मिटरको जग्गार सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । सन्देश पराजूलीको नाममा मा.पो.का. भद्रपूर झापामा दर्ता कायम रहेको झापा जिल्ला, भद्रपूर न.पा., वडा नं. १४ स्थित कि.न. २० को क्षेत्रफल ३१६.०४ वर्ग मिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । दोमकला अधिकारीको नाममा मा.पो.का. भद्रपूर झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स., वडा नं. १ स्थित कि.न. ९०७० को क्षेत्रफल ६७७.२६ वर्ग मिटरको जग्गा र सो जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । सूस्मा थापाको नाममा मा.पा.का. भद्रपूर झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स., वडा नं. ३ स्थित कि.न. २९८ को क्षेत्रफल २९.६३ वर्ग मिटर र कि.नं. ३०१ को क्षेत्रफल २०६.५२ वर्ग मिटर मा बनेको घर र जग्गाहरु र सो जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । प्रेम बहादुर काफ्लेको नाममा मा.पो.का. पांचथरमा दर्ता कायम रहेको पांचथर जिल्ला, फिदिम गा.वि.स./न.पा., वडा नं. १ स्थित कि.न. ५८० को क्षेत्रफल ३१.८० वर्ग मिटर, कि.न. १६२८ को क्षेत्रफल ५५.६४ वर्ग मिटर, कि.न. १६२९ को क्षेत्रफल ७.९५ वर्ग मिटर, र कि.नं. २३७९ को क्षेत्रफल ४३७.२० वर्ग मिटर का जग्गाहरु र सो जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । साथै ऋणी कम्पनीको स्वामित्वमा रहेको मेसिनरी तथा उपकरणहरुमा समेत बैंकको हाइपोथिकेसन सुरक्षण रहेकोले तिनीहरु जेजस्तो अवस्थामा छन् सो को समेत लिलाम विक्री गरिनेछ ।

व्यक्तिगत जमानीकर्ताहरु:

नाम :राजेन्द्र कार्की
बाबू : पदम बहादूर कार्की
बाजे : रत्न बहादूर कार्की
ना.प्र.नं : ३४६
ठेगाना : ईलाम जिल्ला, सोयाक गा.वि.स.वडा नं ९, स्थायी ठेगाना भई हालझापा जिल्ला, बिर्तामोड न.पा. वडा नं ५ बस्ने ।

राजेन्द्र कार्की

नाम : घनेन्द्र राज खनाल
बाबू : देवी प्रसाद खनाल
बाजे : भिम प्रसाद खनाल
ना.प्र.नं : ९१५२२४९३
ठेगाना : झापा जिल्ला, कन्काई न.पा.वडा नं ०२, स्थायी ठेगाना भई हालझापा जिल्ला बिर्तामोड न.पा. वडा नं ०१ बस्ने ।

घनेन्द्र राज खनाल

नाम :उमा तिम्सिना
बाबू :
पति :
ना.प्र.नं
ठेगाना
गा.वि.स
स्थायी ठे
फिदिम

नाम
बाबू :
पति :
ना.प्र.नं
ठेगाना
गा.वि.स
स्थायी ठे
बिर्तामोड

नाम
बाबू :
बाजे :
ना.प्र.नं
ठेगाना
भद्रपूर
स्थायी ठे
भद्रपूर

नाम
बाबू :
पति: स
ना.प्र.नं
ठेगाना
वडा नं
भद्रपूर

नाम :रविन काफ्ले
बाबू :प्रेम बहादुर काफ्ले
बाजे: मकर जंग काफ्ले
ना.प्र.नं :०२०१०६६०२८२७
ठेगाना :पांचथरजिल्ला, फिदिम गा.वि.स. वडा नं ०१, स्थायी ठेगाना भई हाल फिदिम न.पा. वडा नं ०१बस्ने ।

रावन काफ्ले

नाम :झरना राई
बाबू :होम नाथ राई
पति: गंगा काफ्ले
ना.प्र.नं :०३०२६३/४८५
ठेगाना :ईलाम जिल्ला, समाल्बूङ गा.वि.स.वडा नं ०४, स्थायी ठेगाना भई हाल फिदिम न.पा. वडा नं ०१बस्ने ।

झरना राई

नाम :गंगा काफ्ले
बाबू : प्रेम बहादुर काफ्ले
बाजे: मकर जंग काफ्ले
ना.प्र.नं :०२१०१८/९७९
ठेगाना :पांचथरजिल्ला, फिदिम गा.वि.स.वडा नं ०१, स्थायी ठेगाना भई हाल फिदिम न.पा. वडा नं ०१बस्ने ।

गंगा काफ्ले

नाम :गोमा देवी बस्नेत
बाबू : लछुमन बस्नेत
पति : प्रेम बहादुर काफ्ले
ना.प्र.नं :१०९५/२११
ठेगाना : ईलाम जिल्ला, चमैता गांउ पञ्चायतवडा नं ०३, स्थायी ठेगाना भई हाल फिदिम न.पा. वडा नं ०१बस्ने ।

गामा देवी बस्नत

नाम :विन्दू चौलागाई
बाबू : महेश चम्लागाई
पति : रविन काफ्ले
ना.प्र.नं: ०४-०२-७२-०५२१२
ठेगाना : झापा जिल्ला, धरमपूर गा.वि.स. वडा नं ०६, स्थायी ठेगाना भई हाल फिदिम न.पा. वडा नं ०१बस्ने ।

विन्दू चौलागाई

शर्तहरु

१) बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३) बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५) बोलपत्र साथ आफ्ले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत (१०%)ले हूने रकम यस बैंकको केन्द्रिय कार्यालयको खाता नम्वर ५२६६०११५२०००२ SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मूद्दती रसिद वा नेपाल राष्ट्र बैंकबाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
६) लिलाम बिक्री हूने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नू अगावै कार्यालय समयभित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नू पर्नेछ ।
७) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बूझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्यादभित्र रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ ।
८) बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कूनै हेरफेर हूने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हूने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९) रीत नपूगेको वा म्याद नाघी पेश हून आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
१०) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ ।

एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड
कर्जा असूली विभाग

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थाप[redacted]५८१७५९५०२९५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्ड[redacted]श अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : [redacted]न : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता

भेडा र नेता

जनता ताक्ने मुढो
नेतृत्व ताक्ने घुँडो
निर्बाध गाउँ शहर
विगतका जनलहर
कहिल्यै किन बुझेनौ कमरेड !

चुनावी आकाशमा मात्र
उदीयमान त्यो नक्षत्र उदायौ
घोषणापत्र बनेर कराउनु करायौ
न सुखी बनायौ न समृद्धि फलायौ
बनाउन न त थिलथिलो बनाएर
कालजयी पीडाको गाँस खुवाउँदै
घर न घाट किन बनायौ कमरेड !

गम्भीर दुवाडी
हार जीतको नतिजा सुन्दै
आफ्नै बहकाउमा समिधा गुन्दै
निःकृष्ट लाञ्छना उन्दै
मतदातालाई भेडा किन भन्यौ कमरेड !

व्यवस्था फेर्यौ प्रवृत्ति फेरेनौ
कलंकितलाई अँगाल्यौ
स्वाभिमानलाई फाल्यौ
सोझालाई सुली बाङ्गोलाई चौतारी
खोजेर रोजेर दिने
मिसाउने कोदो र तोरी
किन खोज्ने राजनीति जोरी कमरेड !

साउनमा आँखा फुट्या गोरू
सधैं हरियो देख्ने
शकुनिको प्रपञ्चमा
नाच्न खोज्ने घुम्न नजान्ने
आँगन टेडो देख्ने
धर्ती प्राणीको घाँटी भाँच्न खोज्ने
तिमी आफै औतारी हैन र कमरेड !

खौलो परेर नि चेत नपाउने
सदैव भुँमरीमा रमाउने
मेरै बारी मेरै घाँस
मेरै जगल्टाको सत्यनाश
बिहानै उठेर तिम्रो चिह्नमा
मत जाहेर गर्ने
म कसरी भेडा भएँ कमरेड !

चुनावपछि एकोहोरो
भट्टीमा ताली पिट्दै
मलाई भेडा भन्ने तिमी आफै
महा भेडा हैनौ र कमरेड !

– गम्भीर दुवाडी

कृति समीक्षा

भीम निरौलाको नयाँ कृति 'हाम्रो संस्कृति'

भुवन तामाङ

शिक्षा तथा आध्यात्मिक क्षेत्रका विद्वान तथा सिद्धहस्त लेखक भीम निरौलाको अर्को गहन कृति पाठक समक्ष आएको छ। त्यो कृति हो-'हाम्रो संस्कृति'। प्रस्तुत कृतिका विशेषताबारे विद्वान साहित्यकारहरुका शब्दहरुबाट जानौं।

'यस कृतिभित्र प्रवेश गर्दा ॐ, वेद, उपनिषद्, पुराण, गीता, नीतिशतक, प्रेरक प्रसंग, सौहार्द्रता, तीतो सत्य, धर्म, संस्कार, संस्कृति, जिज्ञासा आदि ज्ञानबर्द्धक तथा चेतनामूलक विविध विषयवस्तुहरुको समष्टिरुपलाई प्रविष्टि गर्नुलाई हाम्रो संस्कृति भनी नामकरण गर्नुभएको छ। जसरी एउटै शूत्रमा विभिन्न फूलहरु उनेर सुन्दर माला बनाइन्छ त्यसरी नै यस कृतिका माध्यमबाट लेखकको वैदिक, पौराणिक र आधुनिक ज्ञानको एउटै माला बनाएर धार्मिक, नैतिक, औपदेशिक र सामाजिक सन्देश प्रवाह गर्न खोज्नु भएको छ। समाजमा भएका विकृति, विसंगति, अन्याय, अत्याचार आदिलाई निराकरण गर्दै आदर्श समाजको स्थापना गर्नुपर्छ भन्ने लेखकको मूल उद्देश्य रहेको छ।' - भीमप्रसाद नेपाल।

'संस्कृति भनेको नाम हो। कुनै वस्तुलाई परिमार्जन गरेर अथवा संस्कृति रुप दिएर चम्किलो, उज्यालो र निखुट बनाउने काम हो। यसैलाई संस्कार र परिष्कार पनि भन्ने गरिन्छ। कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थ व्यवस्था आदिमा प्रतिबिम्वित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रुप नै संस्कृति हो। धेरै समयदेखि देशकाल सापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणागत धारणाका रुपमा विकसित हुँदै आएको र आचार-विचार, रहन-सहन, आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरुप खुटिने यावत मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरु समेतको समूह वा साधन संस्कृति हो।

कला, साहित्य, इतिहास, भाषा धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टि नाम नै संस्कृति हो। यसरी नै अवगुण, दोष, कमजोरी आदि हटाई परिष्कार गर्ने काम, सुधार र शुद्धता ल्याउने काम नै संस्कार हो भने व्यक्ति वा वस्तुमा सधैं रहिरहने गुण मूल वृत्ति, प्रकृति, स्वभाव आदिलाई धर्म भनिन्छ। उक्त विषय वस्तुले जिज्ञासु पाठकका निम्ति चेतनाको अभिवृद्धि गर्न सकोस् भन्ने उद्देश्य लिएर लेखकले प्रस्तुत गर्नुभएको हो।' नेपाली बृहद् शब्दकोश उदृत गर्दै विद्वान भीमप्रसाद नेपालद्वारा स्रष्टा भीम निरौलाको नयाँ कृति हाम्रो संस्कृतिको स्तर उजार गरिएको छ।

'वेदोऽखिलो धर्ममूलम' शीर्षकमा अनन्तादर्श संस्कृत वेद विद्यालय सतासीधामका व्याकरणाचार्य दामोदर गौतमद्वारा संस्कृत भाषामा स्रष्टा भीम निरौलाको यस कृतिबारे विचार प्रकाशित भएका छन्। कृति सिर्जनाकार निरौलाको विचार, 'संस्कृत साहित्य सबै भाषा, धर्म, वर्ण आदिको उद्गमस्थल भएको परिप्रेक्ष्यमा मनको खुल्दुली मेटाउने रहर जागेर आयो। आखिर मनै त हो भन्दै 'मनसँग मनका कुरा' र 'सकारात्मक रुपान्तरण' पुस्तक पछि यो 'हाम्रो संस्कृति' तेस्रो प्रयास गर्ने धृष्टता जाग्यो। विशेषत संस्कृत भाषा, खगोल, भूगोल, धर्म, अर्थ, काम, मोक्ष, प्राचीन विद्या हो। सत्य, धर्म, शान्ति, प्रेम, अहिंसा सहित चरित्र, अनुशासन, ज्ञान, विज्ञान, परा, अपरा सहित दक्ष र सफल जीवन जिउन सिकाउने कलाको प्रतीक भएकाले यस संस्कृत शिक्षालाई विश्वविख्यात हावर्ड विश्वविद्यालय, क्याम्ब्रिज विश्वविद्यालय, युनिभर्सिटि अफ क्यालिफोर्निया लगायत विश्वका प्रख्यात शैक्षिक संस्थाहरुमा अगाडिदेखि नै पठनपाठन गरी आएका छन्। पूर्वीय दर्शनका प्रवर्तक हामी हिन्दू भनाउँदाहरुले यसलाई गौण रुपमा लिनु वाञ्छनीय छैन भन्ने अन्तरआत्माको उद्वेगलाई कलमको माध्यमले मलमपट्टि लगाउने प्रयास गरेको छु।

संस्कृत भाषाकै चिन्तनस्वरुप यस कृतिभित्र प्रेरक प्रसङ्ग शीर्षकमा संस्कृत भाषाबारे उल्लेख गरिएका छन्। संस्कृत नै किन ? विश्वको प्राचीन भाषा, ऋषिमुनीहरुको सन्देश, धर्म संस्कार र संस्कृतिको द्योतक, भूत वर्तमान सहित भविष्यको मार्गदर्शक, संस्कृत सभ्यताको सन्देश, सभ्यताको खम्बा, चेतनाको ऊर्जा सञ्जीवनी, धर्म अर्थ काम र मोक्षको पथप्रदर्शक, संस्कृत जीवन जिउने कला, र सांसारिक जीवनबाट मुक्ति पाउने बाटो। यसरी संस्कृतबारे बताइएको छ। यति मात्र होइन विभिन्न प्रसंग र प्रमाण पेश गर्दै विश्वमा नै संस्कृत भाषाको महिमा हुँदै आएको उल्लेख गरिएको छ।

एटलान्टामा स्थापना भएको वर्ल्ड एसोसिएसन फर वैदिक स्टडिज नामक संस्थाले पूर्वीय दर्शन माथि अनुसन्धान गरिरहेको छ। न्युयोर्कमा अमेरिकन संस्कृत इन्स्टिच्यूट र फ्लोरिडामा हिन्दू युनिभर्सिटी अफ अमेरिका को स्थापना भएको छ भने लस एन्जलसमा रहेको क्लेयरमोन्ट युनिभर्सिटीमा हिन्दू स्टडिज डिपार्टमेन्ट खुलेको छ। बेलायतको अक्सफोर्ड युनिभर्सिटीमा खुलेको डिपार्टमेन्ट अफ संस्कृतले पनि संस्कृत भाषा र पूर्वीय दर्शन पढाउने गरेको छ। जर्मनीको ह्याम्वर्ग युनिभर्सिटी र अन्य शैक्षिक संस्थाहरुमा तथा जापानको क्योटो युनिभर्सिटीमा पनि पूर्वीय दर्शन र संस्कृत भाषाको अध्ययन अनुसन्धान गरिन्छन्। अमेरिकाको भर्जिनिया प्रान्तको सदनको सभा शुरु गर्दा ॐकारसहित असतोमा सत्गमय, तमसोमा ज्योर्तिगमय, मृत्योर्मा अमृतं गमय ॐ शान्ति। ॐ शान्ति ॐ शान्ति र द्यौ शान्ति, रन्तरिक्ष ॐ शान्ति भनेर शिर झुकाई अंग्रेजीमा अनुवाद गरेर सभा शुरु गर्छन्। अष्ट्रेलियाको



सर्वोच्च अदालतमा श्रीमद्भागवत गीता इजलासमा राख्ने गरिएको छ। यी त भए केही उदाहरणमात्र विश्वका कैयन देशमा कैयन ठाउँमा संस्कृत अपनाइएका छन्। स्रष्टा निरौलाले संस्कृतिबारे आफ्नो यस नवीन कृतिमा उल्लेख गरेका छन्।

स्रष्टा निरौलाको यस कृति संस्कृतमय छ। वेदहरुबारे पनि वर्णन गरिएका छन्, वेद वेदोऽखिलो धर्ममूलम, यजुर्वेद, सामवेद, अथर्ववेद, वेद वर्तमान, उपनिषद्, पुराण, पूराणको वर्तमान अवस्था, गीता, नीतिशतक, चाणक्य नीति, प्रेरक प्रसंग, सौहार्दता, तितो सत्य, धर्म, संस्कार, संस्कृति, जिज्ञासा शीर्षकमा विद्वान लेखक निरौलाले संस्कृत भाषा लगायत राष्ट्र र मानव जीवन आइपर्ने यावत आयामहरुका लागि चाहिने ज्ञानहरु खोजी गरि पुस्तकमा पस्केका छन्। समग्र भन्नुपर्दा पुस्तक जीवनका लागि सत्मार्ग दर्शनले र ज्ञानले भरिपूर्ण छ।

अहिलेको माहौल प्रदेश तथा संघीय सांसदहरुको चुनाबको छ। यो पुस्तक ती राजनीतिज्ञ या स्वतन्त्र उम्मेदवारहरु लागि भनै उपयोगी रहेको छ। साथै विद्यार्थीहरु, सबै क्षेत्रका जनशक्तिहरु र आम सर्वसाधारणहरुका लागि पनि यो कृति निकै उपयोगी छ। बिजयादशमी २०७९ को शुभ उपलक्ष्यमा सीता दवाडी निरौलाद्वारा प्रकाशित यस कृति समाजका लागि उच्च मार्गदर्शक भएर उदाएको छ। के रहेछन् त ती ज्ञानहरु ? पढ्ने जिम्मा पाठक वर्गमा।

uhasf]efUo

रिपन गौतम

आज म गएँ। कुमार सरको घर। सुटुक्क ! नै भनौं। कुनै जानकारीबिना नै मैले दैलो ढकढाउँदा कुमार सर आत्तिएँ कि क्या हो ! कुनै रेस्पोन्स नै आएन भित्रबाट। मिनेटसम्म।

को ? - भने पछि।

सर ! - मैलेभन्दा स्वरले नै चिने मेरो। दैलौ खोले। झटपट ! मलाई देखेर रमाए। म पनि रमाएँ। हामी दुई नै खुसी भयौं।

कुमार सर साउथ मुभिको किरा हुन्। रबि तेजा उनको फेब् एक्टर हो। जीनें नहीं दुंगा ! हिन्दी डबिङ फिल्म हेर्दै रै'छन्। ल्यापटपमा। बन्द गरे म भित्रिएपछि।

हेर्नुहोस् नरु सर - मैले भनें।

भरे हेर्छु - उनले भने।

अनि हामी दुई नै बेमतलव अलिकति हाँस्यौं। मुसुक्क !

धेरै कम जाने गर्छु म कुमार सरको घरमा। जब कि हामी प्रायः छेउ छेउ नै बस्छौं।

उनी पनि त्यस्तै छन्। सारै आउँदैनन् मेरो घर। तर, हाम्रो प्रत्येक भेटले मलाई केही न केही सिकाउँछ। कुनै लपनछपन छैन कुमार सरसँग। मलाई तान्छ उनको व्यवहारले।

कफी कि चिया ? सोध्छन् मलाई।

मलाई दुईवटा नै पिउन मन छैन। भर्खरै खाना खाएर आएको।

तातोपानी - मैले भनें।

लिन गए।

मेरो भाग्य पनि बडो गजबको छ ! सुन्नुहुन्छ ? किन ?- तातोपानी टेबलमा राख्दै कुमार सरले मलाई भने- 'भाग्य त सबैको हुन्छ तर यो गजबको भनेको चैं के हो !'

आज मैले सिक्ने विषय नै यो हो वास्तवमा।

भाग्य त बनाउने कारक हो। निर्माण गरिनुपर्ने तत्व हो। म मान्दिनँ प्रारब्ध, आरब्ध। कुमार सरको विचार बुझ्न म आतुर छु अहिले। सुन्न उत्सुक छु।

□□□

कुरा लामो छैन। अनि यो कथा पनि होइन।

त्यो दिन म बसमा चढेपछि समस्या उत्पन्न भएको थियो। काँकरभिट्टाबाट बस मध्यान्हको बाह्र बजी हिँडेको थियो। बसमा चढ्ने यात्रीहरू मध्ये अन्तिम समयमा म बस चढेको सबैले याद राखेका थिए। पछि थाह भयो।

म धरानसम्म जाँदै थिए। इटहरी नपुगी म चढेको बस हिसाबले नौपल्ट बिग्रियो। अघिल्लो दुईवटा चक्का दुईपल्ट पड्कियो। धन्न बसले अलकत्रा छोडेन। बसभित्र बजिरहेको बाजा अकस्मात् बिग्रियो। कति कोशिस गऱ्यो खलासीले फेरि बजाउन। तर बजेन। नबजेको रिस सबै यात्रुले त्यो खलासी भाइमाथि निकाल्दै थिए। कराउँदै थिए सबैले।

यात्रा गर्दा मान्छेलाई संगीत चाहिन्छ अहिले। पछि खलासीले त्यो बाजा निकालेर खिर्कीबाट फ्याँकिदिए। सबैलाई ढुक्क भयो। तर, मलाई सरोकार थिएन बसमा बजेको बाजाप्रति। जुलाई महिनाको अस्थिर मौसमले होला बसको बनेट तीनपल्ट खोल्नुपऱ्यो खलासीले। इञ्जिन तातेर धुँवा धुँवा भयो एकपल्ट। सबै डराएर ओर्लिए। सेलाएपछि फेरि चढे।

बिर्तामोड काटेपछि बाटो छेउको अग्लो गोकुल रूखको गतिलो डाला बसको छतमा झऱ्यो ! त्यो आवाज डरलाग्दो थियो। महिला यात्रु चिच्याए ! अचानक बस रोकियो। चालकले जोडसँग ब्रेक लगाउँदा पछिल्लो सिटको यात्री एकैचोटी पहिलो सिटमा जोत्तिए।

सबैले मलाई नै हरेको जस्तो लागिरहेछ यात्रीहरूले अहिले। किनकि म मात्र एकदम नौलो यात्री थिएँ उनीहरुको बीच। प्रायः दैनिक र नेपाल सरकारको कार्यालय सम्बन्धित महानुभावहरु मात्रै यो बसमा चढ्दा रहेछन्। बस पनि सारै पुरानो होइन।

अहिले मलाई पनि लाग्न थाल्यो पनौती म नै हुँ। मैले सोच्दासोच्दै चालक बसेको सिट पछिल्तिरको नटबल्टु खकुलो भएर लिरिक-लिरिक हल्लिएर फेरि जोडले ब्रेक लगाउँदा पछिका यात्रीहरू सबै अघिल्तिर घोप्टो परे। त्यसबखतको गाली र हल्ला बडो दर्दनाक थियो।

बल्टु कसेर फेरि चलाए बस चालकले। बाटोमा पर्ने सानो जंगल आयो केही क्षणपछि। रोक्ने आग्रह थियो यात्रीहरूको। बस रोकियो। दिसा-पिसाब फेर्न सबै यात्रु ओर्लिए अहिले। मेरो सिट बसको गेट छेउ थियो। झर्नेलाई मैले बाटो छोडिदिएँ। यात्री प्रायः सबै चोटिल, घाउखत भएका थिए ठोक्किएर !

सबै बसबाट ओर्लेर बाहिर थिए। त्यहाँतिर एकप्रकारको गुनगान आवाज थियो। तर, मैले केही बुझ्न सकिनँ। म सिटबाट अलिकति पनि सरिनँ। झर्ने त कुरै आएन। सोच्दै थिएँ अचानक टिन सोरिएको आवाज आयो। आवाजसँगै म पनि जोडले हल्लेररु हुत्तिएँ। झटपट उठेर हेरें !

म बसेको बसको दाहिने पाटोलाई सामान लादिएको ठूलो ट्रकले ठक्कर दिएर फूल स्पीडमा भाग्यो। भित्र म मात्रै थिएँ त्यो क्षण। मेरो मुटु झन्डै हत्केलामा आयो। बसको चालक खलासी अनि एक दुई यात्रीहरू गएको ट्रकतिर हेर्दै चिच्याएर गाली गरेको देखें मैले। म थर्थर काँप्न थालें। सबैले ट्रकले हिर्काएको बसको दाहिने पाटोलाई हेर्दै थिए।

अलिकति छुएर गएछ- कोही भन्दै थिए। तर, म अझ ओर्लिन। बसिरहें। आफ्नो सिटमा बसभित्र।

एकक्षण गुनगुन भएपछि एकाएक यात्रीहरू पुनः चढे। चालक चड्यो। खलासीले जाने निर्देश थियो। बस फेरि गुड्न थाल्यो। अब गोधुली समय भएको थियो। घामको पहेलो उज्यालो थियो। बसभित्र मौनता थियो। घरिघरि चालकले गियर परिवर्तन गर्दा फलाम चुइँक्केको आवाज थियो अनि कानै चिरिने बस कुद्दाको भद्दा आवाज ! इटहरी आउन केही अघि एउटा चोकमा बस रोकियो।

- हजुर यहाँ नै ओर्लिनु होला ! यहाँबाट धरानको गाडी धेरै पाइन्छ।

खलासी भाइले सोझै मलाई आग्रह गरे। बसबाट ओर्लेर बाहिर जान। भाडा पनि फिर्ता गरे। आधा।

म छक्क परें। सबैले मलाई नै हेरिरहेका थिए।

चालकले पनि भन्यो- लु झरौं त दाइ !

अब मलाई कर लाग्यो बसबाट ओर्लिन। ब्याग तानेर म झरें बसबाट ! तत्काल चालकले वाहनको गति बढाएर हावाको चापसँग अघि बढायो। हेर्दाहेर्दै प्रायः तीन मिनेटपछि म अघिसम्म बसेको बस पड्कियो ! कुद्दाकुद्दै ब्लुङ्ग ! ब्लास्ट भयो। आगोको ज्वाला आकाशतिर उड्न थाल्यो। होहल्ला मच्चियो। पड्किँदा बस टुक्रा-टुक्रा भयो। गाडीहरूको जाम लाग्न थाल्यो। धुवाँको गन्ध मसम्म आइपुग्दा म झसङ्ग भएँ। ब्याग बोकेर म ठिङ्ग उभिएर बस जलेको हेरिरहेको थिएँ'.!

□□□

कुमार सरले यो घटना मलाई सुनाउँदा म त जिरिङ्ग- जिरिङ्ग भएँ ! मेरो तातोपानी चिसो भएछ। पिउन मनै लागेन। छोडिदिएँ। त्यसपछि कोरोना र लकडाउन माथि केही छलफल भयो हाम्रो छोटो।

म गएँ - मैले भनें।

केही पनि भनेनन् कुमार सरले। म फर्केर हिँडें। आफ्नो घरतिर। थाहा भएन मलाई कुमार सरले पछिबाट मलाई हेर्दैछन् कि हेरेका छैनन्।

बिजुलीको तार फेर्दै प्राविधिक : मोरङको लक्ष्मीमार्गस्थित बिजुलीको पोलमा तार फेर्दै विद्युत प्रधिकरणका प्राविधिक ।
तस्वीर : रासस

विदेशमा बढ्दै छ नेपाली चलचित्रको बजार

झापा, मंसीर ५। पछिल्लो समय नेपाली चलचित्रले लगानी उठाउने मात्र नभई विदेशी बजारबाट मुनाफा समेत प्राप्त गर्न थालेको छ ।

नेपालमा राम्रो भनिएका चलचित्रलाई विदेशमा रहेका दर्शकले हेर्न दर्शक लालायित हुने भएकाले पनि केही चलचित्रले विदेशबाट राम्रै मुनाफा स्वदेश भित्र्याउने गरेका छन् । निर्देशक प्रदीप भट्टराईले विदेशी बजारले गर्दा नेपाली चलचित्र निर्मातालाई चलचित्र बनाउन आँट आउने बताए ।

शत्रु गते, जात्रै जात्रापश्चात् अहिले 'महापुरूष' विदेशमा प्रदर्शन भइरहेका छन् । महापुरुष चलचित्रले अमेरिकामा तीन सयभन्दा बढी शो गरिसकेको छ भने अष्ट्रेलिया र युरोपका विभिन्न सहर, जापान, मध्यपूर्वी खाडी मुलुकमा समेत राम्रो व्यापार गरिरहेको छ । उल्लेखित देशमा अन्य विदेशी चलचित्र हेरिए झैं हलमै पुगेर 'महापुरूष' पनि हेर्न सकिन्छ ।

संयुक्त राज्य अमेरिकामा नेपाली चलचित्र प्रदर्शन गर्ने कम्पनी मध्येको एक नेपाल इलाभेन इन्टरटेनमेन्ट एलएलसीका प्रतिक सुवेदीले केही निर्माताका चलचित्रले राम्रै दर्शक पाइरहेको बताए । वितरक सुवेदीले नै कबड्डी ४, प्रेम गीत ३ जस्ता चलचित्र समेत अमेरिकामा प्रदर्शन अधिकार लिएर वितरण गरेका थिए ।

नेपाली चलचित्रका लागि अष्ट्रेलिया, जापान, दक्षिण कोरिया पनि राम्रो मानिन्छ । अष्टेलियामा नेपाली चलचित्र प्रदर्शन गरिरहेका रोशन भट्टराईले बजार बढेको बताए ।

एक समय विदेशमा प्रदर्शन अधिकार बिक्री गरेवापत पाइने रकम कै सेरोफेरोमा चलचित्र नबनेका होइनन्, तर पछिल्लो समय यसमा नियन्त्रण हुन थालेको छ । अहिले बढिरहेको बजारलाई दीर्घकालीनरूपमा व्यवस्थित बनाउनुपर्ने निर्देशक दीपेन्द्र लामाले बताए ।

साना किसानको १२औं साधारणसभा

□ विमल दहाल

इलाम, मंसीर ५। इलामको दानाबारीस्थित साना किसान महिला कृषि सहकारी संस्था लिमिटेडको १२औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन प्रमुख अतिथी माई नगरपालिकाका प्रमुख खम्बा सिं लिम्बूले गरेका थिए । प्रमुख लिम्बूले सहकारीले समाजमा उल्लेख्य योगदान गरेको भएता पनि केही सहकारी र वित्तीय संस्थाले नियतबस रकम पारदर्शी नगर्दा समस्या भएको बताए । मेयर लिम्बूले महिला सदस्य मात्र रहेको साना किसान जस्तो विश्वासिलो सहकारीमा मात्र कारोवार गर्नुपर्ने बताए ।

माई नगरपालिका प्रशासन शाखा प्रमुख लक्ष्मण भुर्तेलले माईका ३८ वटा सहकारीहरु मध्ये साना किसान महिला सहकारी नै उत्कृष्ट रहेको भन्दै प्रसंशा गरे । उनले दुई हजार सदस्य बराबर एक सहकारी रहने व्यवस्था बमोजिम माईमा १५ वटा सहकारी आवश्यक रहेकोले विषय र क्षेत्र मिल्ने सहकारी मर्ज गर्न सुझाव दिए ।

संस्थाकी अध्यक्ष कल्पना थापाको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका प्रमुख व्यवस्थापक दिपक

मगरले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदन अनुसार संस्थाले आर्थिक वर्ष ०७८/०७९ मा दुई करोड ११ लाख १३ हजार पाँच सय रुपैयाँ शेयर पूँजी, जगेडा तथा अन्य कोष हिसाब एक करोड ४० लाख ३२ हजार चार सय ७२ रुपैयाँ, निक्षेप हिसाब पाँच करोड २६ लाख ८७ हजार नौ सय ६२ रुपैयाँ, ऋण तथा सापटी आठ करोड ३६ लाख रुपैयाँ, दायित्व हिसाब चार लाख ७८ हजार चार सय छ रुपैयाँ, कर दायित्व चार लाख ६७ हजार दुई सय ४० रुपैयाँ र अनुदान हिसाब सात लाख १३ हजार दुई सय दुई रुपैयाँ वासलत रहेको बताइएको छ ।

संस्थाले अर्थिक वर्ष ०७८/०७९ मा १७ करोड ३० लाख ९२ हजार सात सय ८४ रुपैयाँको कूल कारोवार गरेको जनाइएको छ । संस्थाले यस वर्ष ४२ लाख २८ हजार ४५ रुपैयाँ मुनाफा गरेको व्यवस्थापक मगरले जानकारी दिए । साधारण सभाको अवसरमा संस्थाले सबै अतिथिहरुलाई मायाको चिनो प्रदान गरी सम्मान गरेको थियो । दुई सय ८१ सक्रिय समूह रहेको संस्थामा एक हजार एक सय ६८ जना महिला सदस्य र सात सय ८५ जना कुल ऋणी सदस्य रहेका छन् ।

कार्यक्रममा तरकारी खेतीतर्फ उत्कृष्ट किसान दीवना राई, बाखापालन तर्फ चन्द्रमाया मगर, गाई-भैंसी पालनतर्फ जसोदा पौडेल, बंगुरपालन तर्फ अभिमाया मगर, उत्कृष्ट समूहहरु समूह नम्बर २०९ र २४८, उत्कृष्ट ऋणिद्वय शर्मिला एक्तेन र अम्बिका श्रेष्ठ, एसईई परीक्षामा उत्कृष्ट जनम धिताल र उत्कृष्ट कर्मचारी मनिषा चौहान कार्कीलाई नगदसहित प्रमाणपत्र र फूलमालाले सम्मान गरिएको थियो ।

सभामा माई-३ का वडाध्यक्ष देवकुमार तामाङ, साना किसान खुदुनाबारी प्रबन्धक गोपी लुइँटेल, समाजसेवी भक्तबहादुर लुङ्गेली, दानाबारी कृषि सहकारीका अध्यक्ष भक्तबहादुर काफ्ले, संस्थाकी पूर्व अध्यक्ष नरमाया धमला, पत्रकार हरि असीम लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम संस्थाका कोषाध्यक्ष रञ्जना कार्कीले स्वागत लेखा समिति सदस्य सीता भट्टराईको सञ्चालन रहेको संस्थाकी सह-प्रबन्धक सिर्जना खवासले जानकारी दिए ।

सोही अवसरमा तरकारी खेतीतर्फ उत्कृष्ट किसान दीवना राई, बाखापालनतर्फ चन्द्रमाया मगर, गाई भैंसीपालनतर्फ जसोदा पौडेल, बंगुरपालन तर्फ अभिमाया मगर, उत्कृष्ट समूहहरु समूह नम्बर २०९ र २४८, उत्कृष्ट ऋणिद्वय शर्मिला एक्तेन र अम्बिका श्रेष्ठ, एसईई परीक्षामा उत्कृष्ट जनम धिताल र उत्कृष्ट कर्मचारी मनिषा चौहान कार्कीलाई नगदसहित प्रमाणपत्र र फूलमालाले सम्मान गरिएको थियो ।

'विश्वकप च्याम्पियन अफर'

झापा, मंसीर ५। जापानमा इञ्जिनियरिङ गरिएको नेपाली इलेक्ट्रोनिक्स ब्राण्ड सेन्साईले यो अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितालाई लक्षित गर्दै 'विश्वकप च्याम्पियन अफर' योजना सार्वजनिक गरेको छ ।

योजना अन्तर्गत ग्राहकहरुले सेन्साई टेलिभिजनको खरिद गर्दा ३० हजार एक सयसम्मको आकर्षक नगद छुट प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ । साथै एक भाग्यशाली ग्राहकले बम्पर उपहार अन्तर्गत ६५ इञ्चको फोरके वेबओएस् टेलिभिजन जित्न सक्ने कम्पनीले जनाएको छ ।

ग्राहकहरुले आफूलाई बम्पर उपहारमा सहभागी गराउन सेन्साई टाइप गरी आफ्नो नाम, ठेगाना र खरिद गरिएको सामानको वारेण्टी कार्ड नम्बर लेखेर ३१००३ मा एस्एमएस् गर्नुपर्ने बताइएको छ । यो योजना मंसीर १ गतेदेखि सीमित अवधिका लागि नेपालभर पाउने कम्पनीले जनाएको छ ।

सेन्साई ब्राण्डको आधिकारिक विक्रेता चौधरी ग्रुपको सिजी इलेक्ट्रोनिक्स अन्तर्गत सीजी इओएल रहेको छ । सीजी इलेक्ट्रोनिक्सले सम्पूर्ण नेपाली ग्राहकहरुलाई सीजी डिजिटल शोरुम तथा आफ्नो फराकिलो विक्रेता सञ्जाल मार्फत उत्कृष्ट सेवा र अनुभव प्रदान गरिरहेको छ ।

भरूवा बन्दुकसहित एकजना पक्राउ

इलाम, मंसीर ५। सूर्योदय नगरपालिका-१४ भुटेनी टोल बस्ने २६ वर्षीय रामबहादुर योङहाङलाई एक थान भरुवा बन्दुक र दुईवटा फलामको डल्लोसहित प्रहरीले पक्राउ गरेको छ ।

उनको घरमा राखेको भरुवा बन्दुक लिई आफ्नै बुबालाई कुटपिट गरी मार्छु भन्दै पड्काउन खोज्दा नपड्केको भन्ने खबर प्राप्त हुनासाथ अस्थाई प्रहरी पोष्ट कटुसेबाट खटिएको प्रहरीले उक्त बन्दुकसहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ । प्रहरीले अवैधरुपमा राखिएका हतियारहरु बुझाउन आग्रह गरे पनि अझै पनि इलामका ग्रामीण क्षेत्रमा अवैधरुपमा घरेलु हतियार भएको प्रहरीले जनाएको छ ।

सच्याइएको,

पूर्वाञ्चल दैनिकको मंसीर ९ गते शुक्रबार प्रकाशित अंकको प्रथम पृष्ठमा **एमालेका वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल पराजीत** भएको सम्बन्धी समाचारमा असावधानीबस् शीर्षक अन्यथा भएकोले सच्याइएको छ । **स.**

राहदानी हरायो

काँकरभिट्टाबाट चारआली जाने क्रममा यही मिति २०७९।०७।०२ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

नाम:- शंकर भट्ट
ठेगाना:- मेचीनगर-६, झापा
राहदानी नं.:- ०८०८३९७३
मो नं. :- ९८६३७२८९६१

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

कर्मचारी आवश्यकता

कार्यालय सञ्चालन र विस्तारको लागि केही कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिले निवेदन दिनुहोला ।
पद : P R O
संख्या : ८ जना
तलब : १५,१००।-
समय : ११:०० देखि ५:०० बजेसम्म
योग्यता : +२ पास सो सरह ।
सम्पर्क :
ग्रेट फ्युचर मार्ट
बिर्तामोड-४, झापा, भद्रपुर बस स्टेण्ड
फोन नं. : ९८१४३९७३४०, ९८४२४४७१६०

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

THAKUR POLYCLINIC

यहि मंसिर १० गते, शनिबारका दिन बिहान ८:00 देखि १:00 बजे सम्म
सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंका वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा
अब बिर्तामोडमा

डा. रविन्द्र सिमखडा
MD (Internal Medicine)/DM (Cardiology)

के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?
- रक्तचाप बढ्ने
- मुटुको दुकदुकी बढ्ने
- श्वाश फुल्ने
- ऊकालो चढ्न नसक्ने
- बाथ
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड
- मुटुको चालमा गडबड

अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

9825927477 / 9806090781
9849504771 / 9842695884
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
आज तपाईको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
तपाईको आजको दिन फलदायी रहेको छ, चिन्ता, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
समय सामान्य रहेको छ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, आफ्नाबाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दुरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्, धैर्य रहनुहोला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको श्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसीलो भएर जाने योग रहेको छ ।